नेपाल टेलिकम
NEPAL TELECOM

प.सं ०८३।८४
च.नं. प्रे.वि.नं. २८

मिति- २०८३।०७।१८

कम्पनीको खरिद प्रक्रिया सम्बन्धमा

प्रेस विज्ञप्ति

विगत केही समय यता कतिपय सञ्चार माध्यमहरुमा कम्पनीको खरिद प्रक्रिया बारेमा भ्रमपूर्ण र अपुष्ट समाचारहरु प्रकाशन/प्रसारण भइरहेकोमा कम्पनीको गम्भीर ध्यानाकर्षण भएको छ।

नेपाल टेलिकम कम्पनी ऐन २०६३ अनुसार स्थापना भएको र दूरसञ्चार ऐन २०५३ बमोजिम अनुमति पत्र लिई देशैभर गुणस्तरीय दूरसञ्चार सेवा उपलब्ध गराइरहेको कम्पनी हो। सवा सय वर्ष पुरानो ऐतिहासिक पृष्ठभूमि भएको यस कम्पनीले देशमा प्रचलनमा रहेका ऐन, कानुन तथा पछिल्लो समयमा विकसित भएका सुशासनका मूल्य मान्यता अनुसरण गर्ने कार्यमा सम्झौता नगरेको विषय छर्लंग नै छ। स्थापित प्रतिष्ठा, जनविश्वास र आम ग्राहकको भरोसा नै कम्पनीका सम्पत्ति हुन् भन्ने विषयमा कम्पनी सचेत छ।

सस्तो र भरपर्दो दूरसञ्चार सेवाहरु सर्वसुलभ रुपमा सबैलाई उपलब्ध गराउने, देशको आर्थिक र सामाजिक विकासमा उल्लेखनिय योगदान पुऱ्याउने तथा सहरी क्षेत्रदेखि लिएर देशका अति विकट स्थानमा समेत सेवा उपलब्ध गराउने कार्यमा कम्पनी क्रियाशील रहेको छ। नेपाल टेलिकमले नयाँ प्रविधि अवलम्बन, गुणस्तरीय सेवाको उपलब्धता, नेपाल सरकारको नीतिगत लक्ष्य प्राप्ति तथा कम्पनीको व्यावसायिकतालाई मध्यनजर गरी विभिन्न कार्य गरिरहेको छ।

खरिद प्रक्रिया सम्बन्धमा कम्पनीको आर्थिक विनियमावली, दूरसञ्चार उपकरण तथा सेवा खरिद सम्बन्धी कार्यविधि, सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारी गरिएको Standard BID Document को आधारमा आवश्यक खरिद प्रक्रिया अपनाइने गरिएको छ।

कम्पनीको खरिद प्रक्रिया लगायतका विषयहरुमा सूचना/समाचार प्रकाशन/प्रसारण पूर्व आवश्यक हुने आधिकारिक विवरणहरु कम्पनीका प्रवक्ता, सूचना अधिकारी, सह-प्रवक्ता एवम् सूचना तथा प्रकाशन शाखाबाट सहज रुपमा उपलब्ध भइरहेको र सो सुविधाको उपयोग गर्नुहुन समेत अनुरोध छ।

तसर्थ, भ्रामक सम्माचार सम्प्रेषण नगरी कम्पनीको प्रतिष्ठा, विकास र संस्थागत हित अभिवृद्धिमा सकारात्मक सहयोग पुऱ्याउनुहुनेछ भन्ने कम्पनीले अपेक्षा गरेको छ।

डा. कमल लामिछाने
प्रवक्ता

सूचना तथा प्रकाशन शाखा,
प्रमुख व्यावसायिक अधिकृतको कार्यालय
भद्रकालीप्लाजा, काठमाण्डौं।

नेपाल दूरसंचार कम्पनी लिमिटेड
Nepal Doorsanchar Company Ltd

फोन नं.
ना.प्र.नि : ०१४२१०१०६
प्रवक्ता : ०१४२१०२०४
सह-प्रवक्ता : ०१४२१०२९६
सूचना शाखा : ०१४२१०३०२